REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 18.03.2026

## राज्यपालले सिक्किम प्रेरणा स्थलको उद्घाटन गर्नुभयो

सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले आज विशिष्ट व्यक्तिहरूको उपस्थितिमा बर्दाङ्मा सिक्किम प्रेरणा स्थलको उद्घाटन गर्नुभयो। श्री माथुरले सिक्किम प्रेरणा स्थलको लागि सेना र अन्य सबै सरोकारवालाहरूको भूमिकाको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, यो ठाउँले हामीलाई भारतीय सेनाको वीरता र गौरवको सम्झना गराउनेछ। सिक्किम प्रेरणा स्थलले सिक्किमका वीरताका साथै राष्ट्रको सेवामा सर्वोच्च बलिदान दिने सम्पूर्ण राष्ट्रका बलिदानको सम्झना गर्दछ।

राज्यपाल सचिवालयको तत्वावधानमा, सेलो फाउंडेशनको कार्पोरेट सामाजिक उत्तरदायित्व CSR सहयोगमा, भारतीय सेनाद्वारा राज्य सरकारसँगको सहकार्यमा सञ्चालित स्मारकले सिक्किमका शहीदहरू र भारतभरका सैनिकहरूको स्मरण गर्दछ जसले सिक्किममा सेवा गर्दा आफ्नो जीवन बलिदान गरेका थिए।

सिक्किम प्रेरणा स्थलमा 294 नामहरू उत्कीर्ण छन् र 13 अपरेशनहरू समावेश छन्।

## SIFF भोलिदेखि सुरु हुने तयारीमा

सूचना तथा जनसम्पर्क विभाग, सिक्किम सरकार, सूचना तथा प्रसारण मन्त्रालय र राष्ट्रिय चलचित्र विकास निगम सँगको सहकार्यमा भोलिदेखि सिक्किम अन्तर्राष्ट्रिय चलचित्र महोत्सव 2026 आयोजना हुने भएको छ। महोत्सव 22 मार्चसम्म जारी रहनेछ। अतिथिहरूमा असमिया फिल्म Bokshi का निर्देशक तथा निर्माता भार्गव सैकिया र सोहि फिल्मका लेखक तथा कार्यकारी निर्माता हर्ष वैभव गान्तोक आइपुगेका छन्।

पञ्जाब विश्वविद्यालयमा अन्तर्राष्ट्रिय अर्किड सम्मेलन सम्पन्नः सिक्किमका अर्किडविद्‌ले जिते उत्कृष्ट पुरस्कार

पञ्जाब विश्वविद्यालयमा "परिवर्तनशील विश्वव्यापी जलवायुमा अर्किड विविधता, संरक्षण र संसाधन विकास" विषयक अन्तर्राष्ट्रिय सम्मेलन- एवम्-कार्यशालाको उद्घाटन गरिएको थियो। यो कार्यक्रम द अर्किड सोसाइटी अफ इन्डिया विश्वविद्यालयको वनस्पति विज्ञान विभागले संयुक्त रूपमा आयोजना गरेको थियो। कार्यक्रममा विभिन्न संस्थाहरूबाट जीवन्त बिरुवाहरू, तस्बिरहरू र चित्रहरू प्रदर्शन गर्ने अर्किड प्रदर्शनी प्रस्तुत गरिएको थियो।

प्रमुख अतिथि प्रोफेसर योजना रावतले अर्किडको आर्थिक र औषधीय सम्भावनामाथि प्रकाश पार्दै नवीनता र सहकार्यको लागि आह्वान गर्नुभयो। एक प्रमुख आकर्षण सिक्किमका अर्किडविद् बी. बी. गुरुङ थिए, जसले अर्किड-शो मा प्रथम पुरस्कार जिते र सिम्बिडियम हाइब्रिड कट-फ्लावर व्यवस्थाको लागि शीर्ष सम्मान पनि प्राप्त गरे। सम्मेलनमा अष्ट्रेलिया, थाइल्याण्ड, चीन र मलेशिया जस्ता देशका विज्ञहरू सहित 12 आमन्त्रित वक्ताहरू र धेरै शोध - पत्र प्रस्तुतीकरणहरू समावेश थिए, जसले यसलाई अर्किड संरक्षण र अनुसन्धानको लागि एक महत्वपूर्ण विश्वव्यापी मंच बनायो।

सिक्किमको फिल्म 'शेप अफ मोमो' ले रुसमा थप दुई अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्यो

सिक्किमको फिल्म 'शेप अफ मोमो' रुसमा भएको स्पिरिट अफ फायर अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा प्रतिस्पर्धा गरिरहेको थियो। फिल्मले महोत्सवमा दुई प्रमुख पुरस्कार जित्यो। सिक्किमकी अन्तर्राष्ट्रिय रूपमा प्रशंसित फिल्म निर्माता, त्रिबेणी राईको नेपाली भाषामा डेब्यूले विश्वभरका दर्शकहरूलाई सिक्किम र यसको संस्कृतिमा जरा गाडेको कथासँग निरन्तर परिचय गराउँदै आएको छ। 'शेप अफ मोमो' ले सर्वश्रेष्ठ अन्तर्राष्ट्रिय डेब्यू फिल्मको लागि 'Silver Taiga Award' प्राप्त गर्यो। परम्परागत र सांस्कृतिक मूल्यमान्यताहरूको संरक्षण गरेकोमा 'Soul of Russia World Cinema Special Prize' बाट पनि फिल्मलाई सम्मानित गरिएको थियो।

<u>मौसम अपडेट</u>

गान्तोकको मौसम विज्ञान केन्द्रले 20 देखि 22 मार्च सम्म सिक्किमभर भारी वर्षा, मेघगर्जन र सम्भावित असिनाको विशेष मौसम बुलेटिन चेतावनी जारी गरेको छ। गान्तोक, नाम्ची र

पाकिम लगायतका जिल्लाहरूमा हल्कादेखि मध्यम वर्षा हुने अनुमान गरिएको छ भने मङ्गनको उच्च उचाइमा वर्षा वा हिमपात हुन सक्छ। 40 किलोमिटर प्रतिघण्टासम्मको गतिमा मेघगर्जन, चट्याङ र हावाहुरीको लागि orange र yellow चेतावनी जारी गरिएको छ। अधिकारीहरूले पहिरो, जलभराव, यातायात अवरोध र बाली सम्बन्धि क्षतिको जोखिमको बारेमा सतर्क गराएका छन्।

गेजिंगमा वरिष्ठ नागरिकका लागि दुई दिने मेगा स्वास्थ्य शिविर सम्पन्न महिला, बालबालिका, वरिष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभागद्वारा जिल्ला प्रशासन, गेजिंगको सहकार्यमा अटल वयो अभ्युदय योजना अन्तर्गत आयोजित दुई दिने निःशुल्क मेगा स्वास्थ्य शिविर आज जिल्ला अस्पताल, गेजिंगमा सफलतापूर्वक सम्पन्न भयो।